# मंगलसेन नगरपालिका

# न्यायीक समिति प्रतिवेदन

## आ.व. २०८०-०८१ बार्षिक प्रतिवेदन


**पृष्ठभुमीः**


नेपालको संविधानको भाग १७ को धारा २१७ एबं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद -८ को दफा ४६ अनुसार कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न नगरपालिकाका उप –प्रमुखको संयोजकत्वमा गठन हुने ३ (तीन) सदस्यीय समिति नै न्यायिक समिति हो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा १ बमोजिम १३ वटा आली, धुर, बाँध, पैनी, कुलो वा पानीघाटको काँडफाँड तथा उपयोग,अर्काको बाँली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको यस्तै आदि बिषयबस्तुहरु निरुपण गर्नुपर्ने र उपदफा २ बमोजिम गाली बेइज्जती, लुटपिट, सरकारी सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्केले चापी, मिची वा घुसाई खाएको संरचना बनाएको यस्तै आदी ११ वटा बिषयबस्तुमा मेलमिलापको माध्यमबाट निरुपणा गर्ने अधिकार क्षेत्र रहेकोले सामान्य खालका मुद्दा मामिला, विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने गर्दछ । न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिक रूपमा गर्दछन् । न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नु पर्ने व्यवस्था गरिएको छ । समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सम्बन्धित सभा नगर सभामा पेश गर्नुपर्ने हुन्छ । न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउने व्यवस्था समेत रहेको छ । साथै न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिन्छ । मंगलसेन नगरपालिकाको न्यायीक समितिले पनि नेपालको संविधान, कानुन र नगरपालिकाले स्वीकृत गरेका कानुन कार्याविधिको अधिनमा रहि न्यायीक सम्पादनका काम गरिरहेको अवस्था छ । यस नगरपालिकामा गठित न्यायीक समिति मार्फत सम्पादन भएका कामकार्य र समग्र अवस्था सहितको सार संक्षेपलाई प्रस्तुत गर्न यो प्रतिवेदन तयार पारिएको छ ।

### न्यायिक समितिमा दर्ता भएका निवेदन तथा फिराद उजुरीहरुको फछयौटको तथ्याङकीय विवरणः

| आ.ब. | अ. ल्या. | अर्काको जग्गा भोकचलन | गाली बेईज्जती | बाली बिगो | लेन देन | ज्याल मज दुरी | ध्वनी प्रदुषण | अंश सम्बन्धी | संरचना निर्माण | जम्मा | फछयैाट भएका जम्मा | फछयैाट हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०७८/०८९ | ४ | १ | २ | - | - | - | - | - | २ | ९ | ५ | ४ | |
| ०७९/० | **१** | **-** | **-** | **१** | **२** | **१** | **-** | **१** | **१** | **१०** | **९** | **१** | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८० | | | | | | | | | | | | | |
| ०८०/०८१ | १ | - | ४ | - | - | १ | - | - | - | ६ | ३ | ३ | |
| **जम्मा** | ८ | १ | ६ | १ | २ | २ | - | १ | ३ | २५ | १७ | ८ | |



## न्यायिक समिति मार्फत भए गरेका क्रियाकलापः

नगरपालिकामा आउने मुद्दा तथा उजुरीहरुलाई समिति मार्फत व्यवस्थीत गर्ने, विवरण दुरुस्त राख्ने र समितिलाई प्राप्त अधिकारको प्रयोग वा अभ्याँसहरुलाई सिलसिलेवार रुपमा राख्ने प्रक्रिया अवलम्वन भएको छ । समिति मार्फत भए गरेका कामकार्यहरुलाई यसप्रकार प्रस्तुत गरिन्छ ।

१. आ.ब. २०८०/०८१ मा १३ जनालाई मेलमिलाप कर्ताहरुको सूची दर्ता गरिएको जस्मा पुरुष -४ र महिला ९ जना रहेका छन ।

२. सचिवालय एब ईजलास कक्षको व्यवस्थापन गरिएको ।

३. न्यायीक समितिको बैठक संख्या – ४ वटा ।

४. १४ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरि मेलमिलाप सहज कर्ताहरुको कार्य बिभाजन गरिएको ।

५. १४ वटै वडामा वडा महिला संजाल र सल्लाहकार समिति गठन गरिएको ।

६. न्याय सम्वन्धी मेलमिलाप सम्वन्धी छलफल तथा बैठक संख्या ३ वटा जस्मा निर्णयक - ० वटा ।

७. वडा महिला संजाल सञ्चालन कार्यबिधि – २०७९ तयार गरि कार्यान्वयनमा रहेको ।

८. गत बर्षमा न्यायिक निरुपण सम्बन्धी सेवा कसरी लिने र न्यायिक समितिको काम कर्तब्य क्षेत्राअधिकारको बारेमा सचेती करण सडक नाटक र बिबिध सास्कृती कार्यक्रम १४ वटै वडामा प्रर्दशन ।

**कार्य सम्पादनमा भएका समस्या/कठीनाईहरुः**

- न्यायीक समिति व्यवस्थापनका लागि प्रयाप्त बजेटको व्यवस्था नहुनु साथै बिनियोजन गरिएको बजेट खर्च भै रकम भुक्तानी नहुनु ।
- १४ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको र मेलमिलाप सहज कर्ताहरुले पाउने सेवा सुबिधाको कुनै सुनिश्चिता नभएका कारण सूची दर्ता गर्ने कार्य हुने नगरेको र सूची दर्ता भएका सहजकर्ताहरु पनि क्रियाशिल गर्ने कठिनाई रहेको देखिन्छ ।
- न्यायिक समितिको सचिवालय, इजलास र मेलमिलाप केन्द्रमा आबश्यक अनुसार फर्निचर र कानुन सम्बन्धी किताबहरु नहुदाँ कार्यगर्न कठिनाई भएको ।
- सबैवडाहरुमा न्यायिक समितिको क्षेत्राधिकार, कानुनी बिषय बस्तुको अभिमुखी कार्यक्रम संचालन गरि जनचेतना अभिबृद्धी गराउनु पर्ने देखिन्छ ।
- निवेदन तथा फिरादहरु कार्यबिधि बमोजिमको ढाँचामा नआउने गरेरकोले सहजीकरणका लागि लेखनादास वा नगर न्यायीक हेल्फडेक्स स्थापना गर्नु पर्ने देखिन्छ ।
- प्रतिवादीहरु जिल्ला बाहिर वा पालिका बाहिर भएमा सम्पर्क गरी झिकाउन अप्ठ्यारो हुने गरेको ।
- सेवाग्राहीबाट अति नै आशावादी भई कार्यको छिटो छरितो व्यवस्थापनको माग आउने गरेको ।
- कानून सम्बन्धि ज्ञान भएको कर्मचारीको अभाव हुनु र सम्बन्धीत सरोकारवालाहरुसगको समन्वय सहकार्यमा बाधा ब्यबधान उत्पन्न हुन ।
- नगरपालिका स्तरको मेलमिलाप केन्द्रलाई अझ ब्यवस्थीत बनाउनका लागि कार्यालय ब्यवस्थापन मा कमि भएको छ ।

**समस्या समाधानका उपायहरुः**

- कानूनका विज्ञसँगको समन्वयमा कर्मचारीलाई तालिम सेमिनारको व्यवस्था गरिनुपर्ने ।
- हरेक वडामा मेलमिलाप केन्द्रमा प्रयाप्त मात्रमा फर्निचर र स्टेशनरीको व्यवस्था गरिनुपर्ने ।
- प्रत्येक वडा महिला संजाललाई तालिम र बैठक भत्ताको सुबिधा गरिनु पर्ने देखिन्छ ।
- न्यायिक निरुपण कार्य छिटो छरितो बनाउनका लागि न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबिधि -२८७४ का अनुसुची १५ छपाई गरेर सेवा प्रबाह गर्नुपर्ने देखिन्छ ।
- मेलमिलाप सहज कर्ताहरुले पाउने सेवा सुबिधाको सुनिश्चिता गरि, मेलमिलाप केन्द्रबाट नै मुद्धाहरु मिलापत्र गराउनु सकिने ।

**सवल पक्षहरुः**

- न्यायिक समितिको सचिवालय/ईजलास कक्षको स्थापना गरिएको ।
- मेलमिलाप सहजकर्ता मार्फत कार्य थालनी भएको ।
- १३ जना मेलमिलाप सहजकर्ता सूचिकृत भएका ।
- १४ वटै वडामा मेलमिलाप केन्द्र स्थापना, वडा महिला संजाल र सल्लाहकार समिति गठन गरिएको ।
- न्यायिक निरुपण सम्बन्धी सेवा कसरी लिने र न्यायिक समितिको काम कर्तब्य क्षेत्राअधिकारको बारेमा सचेती करण सडक नाटक र बिबिध सास्कृती कार्यक्रम १४ वटै वडामा प्रर्दशन गरिने क्रियाकलापअरु संचालन गरिएको ।

- जिल्ला अदालतको टिमबाट पाँच पटक अनुगमन गरि सुधारका पक्षहरुमा औंल्याईएको थियो जसले कार्य सम्पादनमा सहजता भएको छ ।
- पालिकाले नै सामान्य खाले मुद्धाहरुको छिनोफानो गर्ने रहेछ भन्ने बारेमा जानकारी पाई उजुरी तथा मुद्धाहरु बढेका छन् ।
- अदालती प्रकृया स्थानिय तहमा नै हुने र विवादको टुङगो वा मेलमिलाप गर्ने सबै अधिकार स्थानिय तहमा हुने भएको ।
- निस्सा, तारिख भरपाई र प्रर्चा, तामेली, जाहेरी, प्रतिउत्तर लिखत र आदेश जारी गरि अदालतमा पठाउने समेत कार्यको जानकारी जस्ता कार्यहरुको थालनी भएको छ ।
- न्यायिक निरुपण सम्बन्धी सेवा कसरी लिने र न्यायिक समितिको काम कर्तब्य क्षेत्राअधिकारको बारेमा सचेतीकरण सडक नाटक र बिबिध सास्कृती कार्यक्रमले नागरिकमा सचेतीकरण भई आगामी दिनमा निरन्तरता दिनु पर्ने देखिन्छ ।

**<u>खर्च विवरणः</u>**

- गत बर्षमा न्यायिक निरुपण सम्बन्धी सेवा कसरी लिने र न्यायिक समितिको काम कर्तब्य क्षेत्राअधिकारको बारेमा सचेती करण सडक नाटक र बिबिध सास्कृती कार्यक्रम १४ वटै वडामा प्रर्दशन गरिने क्रियाकलापको खर्च रकम भुक्तानी नहुदाँ, चालु आर्थिक बर्षका कुनै पनि कार्यक्रम तथा कृयाकलाप संचालन गर्ने नसकिएको ।

**निष्कर्ष/सुझावः**

समग्रमा न्यायीक समिति मार्फत यस नगरपालिकामा सन्तोषजनक कार्य भएको छ । धेरैजसो मुद्दा तथा उजुरीहरु मेलमिलापको माध्ययमबाट फर्स्यौट भएका छन भने समितिले गर्ने न्यायीक सम्पादनका कार्यप्रती आम नागरिकको विश्वास र भरोसा बढ्दै गैरहेको छ । समिति मार्फत सबैभन्दा बढी हिंसापीडित महिलाले न्यायीक आभास गरेको पाईन्छ ।

न्यायीक समिति मार्फत संचालन गरिएका गत आ.ब.का कार्यक्रम तथा कृयाकलापको रकम भुक्तानी नहुदाँ, न्यायिक समिति आफै अन्यायमा परेका कारण चालु आ.ब.मा बाध्ये भएर कुनै कार्य संचालन गर्ने नसकिएकोले, आगामी दिनमा अझ विश्वसनीय र प्रभावकारी बनाउँनका लागि नगर तथा वडा स्तरमा न्यायीक सचेतना कार्यक्रमहरु, न्यायीक पहंच कोष स्थापना गरि कार्यान्वयन गर्नु, हिंसामा परेका महिलाहरुको उद्धारका लागि १४ वटै वडाका महिला सेल लाई सक्रिय रुपमा परिचालन गर्नुपर्ने ,न्यायीक समितिका पदाधिकारीलाई क्षमता विकास र न्यायीक निरुपणको सन्दर्भलाई अझ छरितो र प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

**<u>केही तस्बिरहरु</u>**



**<u>प्रतिवेदक</u>**

नरेश बहादुर कठायत
उजुरी प्रशासक
मंगलसेन नगरपालिका कार्यालय अछाम